## एनसीपीका दार्जीलिङ एकाईका अध्यक्ष अहमदले दिन राजीनामा

**नयाँ दिल्ली, १३ सेटेम्बर:** राष्ट्रवादी कंग्रेस पार्टी दार्जीलिङ एकाईका अध्यक्ष फैजल अहमदले पार्टी अध्यक्षको पदबाट राजीनामा दिएका छन्। यसका साथै जिल्ला कार्यकारिणीलाई पनि भङ्ग गरिएको छ। यस आशयको जानकारी दिँदै अहमदले भने, राजीनामा दिनु यसैले जरूरी थियो कि हामी अलग राज्य गोर्खाल्याण्ड चाहान्छौं अनि पार्टी प्रदेशका केही नेता अहिले ममाथि दबाउ बनाइरहेका छन् कि पार्टीले अब गोर्खाल्याण्डको समर्थन गर्नेछैन। हामी दबाउमा काम गर्न सक्दैनौं किनकी हामीले पहाड़का जनतासित प्रदिबद्धता व्यक्त गरेका छौं कि हामी अन्तिम क्षणसम्म गोर्खाल्याण्डका लागि संविधान अनुसार लड़िरहनेछौं तथा म गोर्खा समुदायसित यस मुद्दामा धोका दिन सक्दिन। हामीसित दार्जीलिङ एकाईका सबै शाखा अध्यक्षसहित सम्पूर्ण कार्यकर्ताहरूले आज आफ्नो राजीनामा पार्टी प्रमुखलाई फ्यासद्वारा पठाएका छौं, उनले विज्ञप्तिमा जनाएका छन्। हामी अलग राज्य गोर्खाल्याण्डको स्थापनाका लागि एनसीपीदेखि अलग रणनीति बनाउनेछौं। पहिला पार्टीले समर्थन दियो फेरि ममाथि समर्थन नदिने दबाउ पऱ्यो अनि म दबाउमा काम गर्न सक्दिन। आगामी रणनीतिमा हामी गोजमुमो प्रमुख विमल गुरूङ तथा महासचिव रोशन गिरीसित कुरा गरेपछि आफ्नो दिशा तय गर्नेछौं, उनले विज्ञप्तिमा भनेका छन्।

## पिउने पानी योजना अन्तर्गत खनन् कार्य शुरु

**मिरिक, १३ सेप्टेम्बर।** मिरिक नगरपालिका क्षेत्रमा पिउने पानीको समस्या समाधान गर्न अस्थायी रूपमा बोरिङ प्रणाली अन्तर्गत वार्डमा खनन् कार्य सुचारू गरिएको छ। आजदेखि मिरिक बजार वार्ड नम्बर दुईमा यो कार्य शुरु गरिएको छ। मिरिक नगरपालिकालाई मोडेल नगरपालिका बनाउने दिशामा कार्य गरिने नगरपालिका अध्यक्ष एलबी राईले बताए। बन्दका कारण कतिवटा कामहरू समयमा शुरु गर्न सकिएन। अब कामहरू सुचारु गरिनेछ भने। सरकारले पनि नगरपालिका क्षेत्रको विकासका धेरै राशि आवण्टन गरेको छ। अब नगरपालिका क्षेत्रमा विकासमुखी कार्य अगाडि बढाउन आवश्यक रहेको छ भन्दै उनले सबैको साथ र सहयोगले मात्रै विकासमुखी योजनाहरू पूरा गर्न सकिन्छ भनेका छन्। स्वच्छ अनि सुन्दर मिरिकको निर्माण गर्न सकिन्छ भनेका छन्। आज बन्दले गर्दा यहाँको होटल, पर्यटन व्यवसायमा पनि ठूलो नोक्सानी भएको बताए। उनले बन्दको समयमा मिरिक नगरपालिका क्षेत्रमा निकै क्षति भएको छ। बजारमा स्ट्रीट लाइट फुटाउने काम भयो घरहरू तोडफोड गरिएको छ। स्वार्थको राजनीति नगरौं भन्दै उनले भलाई जसरी हुन्छ त्यो सोचेर कार्य गरौ भनी उनले बताए। बन्दका समयमा बिशेष गरेर विद्यार्थीहरूको पठन-पाठनमा गतिरोध छ। विद्यालय बन्द भएपछि विद्यार्थीहरूको पढाइमा पनि समस्या भएको छ। अब नगरपालिकाले नै आर्थिक रूपले विपन्न परिवारका छात्र-छात्राहरूलाई कोचिङको निम्ति व्यवस्था शुरु गरिदिने बताएका छन्। जसको निम्ति शिक्षकहरूले पनि सहयोग गर्नुपर्छ भने।

# उत्तरकन्या वार्ता; सरकार र बंगालपन्थीमा हर्ष जनता अनि विमलपन्थीमा विस्मत

**हरिदास गुरुङ**

**दार्जीलिङ, १३ सेप्टेम्बर:** ममता ब्यानर्जीले डाकिएको दोस्रो चरणको उत्तरकन्या वार्तामा कुनै ठोस निष्कर्ष ननिस्किएको तर वार्ता अझ ३४ दिन लम्बिएर १६ अक्टोबर नवान्नमा सारिएको, त्रिपक्षीय वार्तामा ममता सरकार पक्षधर नरहेको, बन्द फिर्ता लिनपर्ने विषयमा केन्द्रित वार्ताको प्राथमिकता रहेको मूल मुद्दामाथि दवाउपूर्ण वार्ताको वातावरण नभएको साथै वार्ता अवधिभित्रै बाहिर 'आमरा बंगाली' नामक संगठनका नायक सुशीरञ्जन मण्डलले उक्त बैठकको विरोधमा महा ऱ्याली निकाल्ने नाकाम दुष्प्रयास फेरि दिइएका बयान अनि यता विमल गुरुङ अनि जनआन्दोलनमा होमिएका सर्व जनताले 'यो वार्ता चुड़ान्त र फलदायक नभएको' बयानहरूले यही निष्कर्षमा पुग्न सकिन्छ कि १२ तारिखको उत्तरकन्या दोस्रो चरणको वार्ताले ममता सरकार र बंगाल पन्थीमा हर्ष र जनता अनि विमल पन्थीमा विस्मातको वातावरण सिर्जना भएको छ।



दार्जीलिङमा समाचार पत्र किन्नेहरुको भीड।

वार्ताको दिन बिहानैदेखि सबै टिभी चयानलहरू बन्द, चौकबजार चौरस्ता परिसर अनि विभिन्न स्थानहरूमा व्यापक धड़पकड़, सुमेरू धरोहर पथसभास्थलमा पुलिसको कब्जा तथा नारा जुलूस बर्जित आदि सबै एकै दिन एकै साथ भएकोले जनतामा अन्योलता, शंका र प्रश्नहरू खड़ा भएको छ। मूल मुद्दा 'गोर्खाल्याण्ड' को ठोस निष्कर्ष नभईञ्जेल बन्द यथावत राख्ने तर त्रिपक्षीय वार्तामा मूल मुद्दामाथि सकारात्मक वार्ता हुन गए जनता संगै सल्लाह, सुझाउ र अनुरोध गरेर बन्द खोलाइने साथै शहीदहरूको त्याग र बलिदानलाई क्षतिपूर्तिले भर्न सकिँदैन, ९० दिनको अनिश्चितकालीन बन्दमा जनताले भोग्न परेको मर्कालाई कुनै व्यवस्थाभित्रको शान्ति र विकासले मूल्याङ्कन गर्न नसकिने र यदि कसैले विना शर्त बन्द खोलाउने दुष्प्रयास गर्छ भने त्यसको परिणामको जिम्मेवारी स्वयं रहने आदि जस्ता विमल गुरुङका बयान छापामा आएपछि जनतामा अझ आन्दोलनको रंग चड़न थालेको छ।

भीड़भित्रका चर्चाहरूमा यस ३४ दिनभित्र अझ अरू चलखेल र हथकण्डी कार्यहरू हुनसक्ने शंकास्पद विवादले व्यापकता लिइएको छ। पहिला फलामको साङलो र फलामकै पिंजरामा गोर्खा जातिलाई राखिएको थियो भने पछि चाँदीको साङलो र पिंजरामा त्यसपश्चात अब ३४ दिनभित्र सुनको साङलो र पिँजरा तयार गरी गोर्खा जातिलाई राख्ने प्रयास गर्नेछ र यसको निम्ति गोर्खा जाति भित्रबाट प्रयोग गरिनेछ भन्ने निष्कर्ष भिड़भित्रको चर्चाहरूले निकालेका छन्। वार्ता पश्चात लगत्तै बिहान १३ तारिख सेप्टेम्बरमा बजार परिसरभरि खबर पत्रिका किन्ने, पढ़ने र बिक्री गर्ने जमातले अप्रत्याशित शैलाब खड़ा गरेको देखिएको थियो।

# कतिपय कार्यालयहरू खोलिए पनि कामकाज हुन सकेन

**खरसाङ, १३सेप्टेम्बर।** अलग राज्य गोर्खाल्याण्ड गठनको मागमा गोजमुमोको अनिश्चितकालीन पहाड़ बन्दले आज बुधवार ९१ औं दिनमा प्रवेश गऱ्यो। बन्दबीच पनि आज खरसाङको पंखाबारी रोडस्थित भारतीय सटेट ब्याङ्कको प्रमुख शाखा, हिल-कार्ट रोडस्थित सेन्ट्रल ब्याङ्क, डाकघर आदि खोलियो तर कामकाज भने हुन सकेन। कर्मचारीहरूको उपस्थिति पनि नगन्य रह्यो। डाकघरका पोस्टमास्टर मनोज कुमार दासले बताए, अनिश्चितकालीन दार्जीलिङ बन्दको कारणले डाकघरको कम्प्यूटर खराब भएको छ र लिंक पनि छैन। 'टेक्निशियन'-लाई बोलाएर 'सिस्टम' ठीक गर्न लगभग एक साता लाग्नेछ। 'सिस्टम' ठीक भएपछि मात्र कामकाज सुचारू रूपमा संचालन हुने पोस्टमास्टर दासले जनाए। बन्दले गर्दा डाकघर परिसरको अवस्था बिग्रिएको जानकारी पनि उनले दिए।

भारतीय स्टेट ब्याङ्क,खरसाङ शाखाका प्रमुख सुशान्तदेव सिंहले बताए अनुसार ब्याङ्कको सम्पूर्ण 'सिस्टम' ठीक भएपछि मात्र ब्याङ्कसित सम्बन्धित कामहरू सुचारू हुनेछ। यहाँको सेन्ट्रल ब्याङ्कको अवस्था पनि त्यस्तै छ।

यता, सिलगढ़ी-दार्जीलिङबीच आवागमन गर्ने उत्तर बंगाल राज्य परिवहन निगम (एनबीएसटीसी) -का दुइवटा बसहरू खरसाङ आइपुगेपछि दार्जीलिङ जाने कतिपय यात्रीहरू बसमा सवार भएको देखियो। दुवै बसलाई पुलिस स्कार्टमा दार्जीलिङ पुऱ्याइयो। खरसाङका एसडीपीओ पिनाकी दत्तले बताए, आजदेखि सिलगढ़ी-दार्जीलिङबीच सरकारी बसहरूलाई पुन: परिचालन गरिएको छ। अनिश्चितकालीन दार्जीलिङ बन्दको कारणले विगत केही दिनदेखिको सरकारी बसहरूको आवागमन पनि ठप्प भएको थियो। सरकारी बसहरू चल्नथालेपछि मानिसहरूले ठूलो राहत महसुस गरेका छन्।

बन्दको ९१औं दिन आज बुधवार खरसाङ बजारका गल्लीहरू सहित हिलकार्ट रोडको किनारमा अर्थात फुटपाथमा माछा, साग-सब्जी एवं फल बिक्रेताहरू धेरै मात्रामा देखियो। यस अतिरिक्त बजारका केही दोकानदारहरूले आफ्नो दोकानको आधा सटर खोलेर दोकानभित्र सर-सफाई गर्नका साथै किनबेच पनि शुरू गरेको देखियो। खरसाङदेखि सिलगढ़ीतिर जाने केही ट्याक्सीहरूको आवागमन पनि आरम्भ भएको छ। जानकारी अनुसार खरसाङ वरपरका क्षेत्रहरूमा आवागमन गर्ने स-साना वाहनहरू पनि चल्न थालेको छ।

स्मरण गराइन्छ, अनिश्चितकालीन दार्जीलिङ बन्दको ९०औं दिन हिजो सिलगढ़ीको उत्तरकन्यामा सम्पन्न राज्य सरकारसितको बैठकपछि मानिसहरूले पहाड़ बन्द खोलिने आशा व्यक्त गरेका थिए तर मानिसहरूको आशा पुन: निराशामा बद्लिएको छ। अनिश्चितकालीन दार्जीलिङ बन्द र खोलिने दोसाँधमा यहाँका व्यापारीहरू पनि चिन्तित देखिन्छ। किनभने यहाँका अधिकांश दोकानहरूमा राखिएको सर-सामग्रीहरू बिग्रिन थालेका छन्। लगातार दोकान बन्द भएको कारणले कपड़ाहरूमा चित्ती पर्न थालेको छ।

# भागोप कालेबुङ शाखालाई दह्रिलो बनाउन नीति निर्धारण विषय सभा भागोपको

**कालेबुङ १३ सेप्टेम्बर।** भारतीय गोर्खा परिसंघ कालेबुङ शाखाले सांगठनिक विषयलाई लिएर आज एक महत्वपूर्ण सभाको आयोजना गऱ्यो। भागोप कालेबुङ शाखा समितिकी अध्यक्ष डा. सरोजा राईको अध्यक्षतामा सम्पन्न सभामा भागोप शाखालाई दह्रिलो बनाउने, नीति निर्धारणमाथि चर्चा परिचर्चा गरी शाखाको कुराहरू भागोप केन्द्र समिति सम्पन्न पुऱ्याउने प्रस्ताव पारित गरिएको छ भनि भागोप कालेबुङ शाखा समिति मूल सचिव पीके प्रधानले विज्ञप्ति मार्फत जानकारी गराइएको छ।

विज्ञप्तिमा उल्लेखित गरे अनुसार आगामी १४ सेप्टेम्बर २०१७ को दिल्लीमा सम्पन्न हुने भारत भरिका गोर्खा लागेको बौद्धिक जमातको भेला वर्तमान गोर्खाल्याण्ड जन आन्दोलन फतेहको निम्ति जमातको महत्वपूर्ण भूमिका रहनेछ भनि भागोप ठहर गर्दछ। किनभने वर्तमान सम्मको गोर्खाल्याण्ड आन्दोलन एउटा राजनैतिक दलको पेवाको रूपमा लिएको कारणले नै असफलताको सामना गर्नु परेको भनाई रहेको छ। त्रीपक्षीय बैठकमा केन्द्र, राज्य सरकार र एउटा राजनैतिक दलमा मात्र सिमित रहन्छ। दलको गुटीको कारण सानो लचिलो व्यवस्था थापेर जनताको माटोप्रेमीको सपना, इच्छा, आकांक्षालाई पाइतलामुनि राखेर आउने वानी भइसकेको कुरा सभामा राख्दै यसपालिको चौथो चरणको आन्दोलन देश विश्वव्यापी भएको कारण राष्ट्रिय स्तरका बौद्धिक जमातको समिति र संगठन गठन भएको खण्डमा त्रिपक्षीय वार्तामा राजनैतिक दलको स्थानमा बौद्धिक संगठनका प्रतिनिधिहरूले भाग लिनु सक्ने परिवेश सृजना गर्नुपर्छ। ताकि एउटा राजनैतिक दलले मात्र निर्णय लिनु नसकोस यसो भएको खण्डमा वर्तमान गोर्खाल्याण्ड निर्माणको निम्ति गठित गोर्खाल्याण्ड संघर्ष समन्वय समिति-को केही औचित्य रहने छैन विज्ञप्तिमा जनाइएको छ।

विज्ञप्ति अनुसार, जुन उद्देश्यले जीएमसीसी गठन गरिएको छ त्यहाँ मोर्चा मात्रको हावी भएको छ। यसै कारण गत तीन महिना देखिको आन्दोलन समयको भित्र आज एघाह्रजना आन्दोलनकारीहरू पुलिसको गोलीको शिकार बनि सकेको छ भने ९० दिन बढ़ी बन्दले सरकार दुवै राज्य अनि केन्द्र सरकारलाई लुतो न कनाई भएको छ। एउटा लाते भकुण्डो जस्तो दिल्लीदेखि कलकत्ता, कलकत्तादेखि दिल्ली हान्दै आफ्नै गोलपोस्टमा फकाईरहेको छ। अनि तमासा राज्य र केन्द्र सरकारले हेरिरहेको छ। बहुतै दुःख र शर्मनाक विषय भएको छ गोर्खाल्याण्ड। गोर्खा नेतृत्व, गोर्खा जनता, गोर्खाल्याण्डलाई कुटनीति, कुचक्र, षड़यन्त्र गरेर आपस्तमा फाटो ल्याईदिएर तृणमूल कंग्रेसकी प्रमुख एवं मुख्य मन्त्री ममता ब्यानर्जी सफल भएको देखिँदैछ। पार्टीको वर्चस्व बनाउनु प्रथम, गोर्खाल्याण्ड मुद्दा दोस्रो भएको महसुस गरिएको छ। फुटेर होइन जुटेर आन्दोलन गरौं, फुटे बंगाल सरकारलाई फाइदा, जुटे गोर्खाहरूलाई फाइदा- र जुटेर आन्दोलन गरौं भागोपको अर्थि यहि छ। सभाको आरम्भमा दार्जीलिङमा गत १ सेप्टेम्बरको साझ नारी मोर्चामाथि पुलिसले वर्वरतापूर्वक लाठी चार्जको भर्त्सना जनाउँदै नारी मोर्चाकी सदस्या रोमिला राईको निधनमा भागोपले शोक सम्वेदना प्रकट गर्दै एक मिन्टको मौन धारण गरियो अनि ममता ब्यानर्जीको दमन नीतिको जुटेर संघर्ष गरौं भनि भागोपले अपिल गरेको छ।

आजसम्मको पृथक राज्य गोर्खाल्याण्डको आन्दोलनमा असफलता हात परेको कारण नै बौद्धिकताको कमि देखिन्छ। यसै कारण आगामी १४ सेप्टेम्बर २०१७-को दिन दिल्लीमा आयोजना हुन गइरहेको बौद्धिक जमातको भेला बहुतै महत्व रहनेछ। सोही अवसरलाई केन्द्र गरि भागोप कालेबुङ शाखा समितिले निम्न लिखित बौद्धिक विचार भएका व्यक्तित्वहरूको नामावली डा. महेन्द्र पी लामा, त्रिलोक देवान, सीके श्रेष्ठ, प्रभाकर देवान, अनमोल प्रसाद, श्रीमती दिलकुमारी भण्डारी, पी अर्जुन, सीडी राई, एपी सुब्बा, विष्णु छेत्री, टीकाराम शमा, शक्ति गुरूङ, सीएसथापा, आरबी राई , आदिको सूचि सुझावको रूपमा भागोप संयोजक (दिल्ली) डा. मुनिस तामाङलाई प्रेसित गरिएको जानकारी सचिव पीके प्रधानले दिएका छन्।

# दशैंअघि नै चियाश्रमिकहरूलाई पूजा बोनस दिनुपर्छ : शेर्पा

**दार्जीलिङ, १३ सेप्टेम्बर।** दशैंअघि नै चियाश्रमिकहरूको पूजा बोनस दिनुपर्ने माग गोजमुमोको श्रमिक संगठन दार्जीलिङ-तराई-डुवर्स प्लाण्टेशन लेबर युनियनका अध्यक्ष पी. टी. शेर्पाले गरेका छन्। टेलिफोनिक कुराकानीमा शेर्पाले भने, मंगलवार सिलगड़ीको उत्तरकन्यामा भएको बैठकमा पनि चिया श्रमिकहरूको पूजा बोनसबारे कुराकानी भएको सुन्नमा आयो तर गत केही साताअघि नै मोर्चाको श्रमिक संगठनले श्रमिकहरूको पूजा बोनसबारे दार्जीलिङ टी ऐसोसिएशन, इण्डियन टी ऐसोसिएशनलाई पत्राचार गरिसकेको छ, त्यसकारण चियाश्रमिकहरूको बोनसबारे मालिकपक्षले चाँड़ै युनियनहरूलाई बोलाएर बैठक बोलाउनु पर्नेछ।

तराई-डुवर्स क्षेत्रका चियाश्रमिकहरूलाई १९.७५ प्रतिशतको दरले पूजा बोनस दिने घोषणा गरिएको छ, त्यसरी नै दार्जीलिङ पर्वतीय क्षेत्रका चियाश्रमिकहरूलाई पनि दिनुपर्ने शेर्पाले माग गरे। २०१६ सालको अप्रैलदेखि २०१७ को मार्च महीनासम्मको हिसाब गरेर पूजा बोनस दिनुपर्ने र यो दशैं अघि नै दिनुपर्ने माग तिनले गरे। १९८६ सालको आन्दोलनमा पनि चियाश्रमिकहरूको धेरै योगदान रहेको अहिले वर्तमान आन्दोलनमा पनि श्रमिकहरूको महत्वपूर्ण भूमिका रहेको बताउँदै शेर्पाले तर १९८८ सालमा दार्जीलिङ गोर्खा पर्वत्य परिषद्को दस्तावेजमा समझौता हुँदा सरकारी कर्मचारीहरूको कटौती भएको मासिक वेतन आदि सबै दिइएको थियो तर चियाश्रमिकहरूको क्षतिप्रति कुनै प्रकारको विचार-विमर्श नभएको जनो। अहिले चल्दै गरेको गोर्खाल्याण्ड आन्दोलनमा पनि श्रमिकहरूले महत्वपूर्ण भूमिका खेल्दै आइरहेको बताउँदै शेर्पाले अब कुनै पनि विषयमा समझौता हुँदा चियाश्रमिकहरूको समस्या र क्षति पूर्तिबारे पनि विचार-विमर्श गरिनुपर्ने माग गरे।

शेर्पाले बन्द खोलिने चर्चाबारे चल्दैछ भन्दै तर केही नभई बन्द खोलिनु राम्रो होइन र चल्दै गरेको बन्दको अवधिमा प्रत्येक चियाश्रमिकहरूको कम्तीको पनि २० हजार रुपियाँभन्दा धेरको क्षति भएको जनाए। तिनले दार्जीलिङ पर्वतीय क्षेत्रको अवस्था ठीक बनाउनु हो भने केन्द्र सरकारले हस्तक्षेप गरेर अविलम्ब त्रिपक्षीय वार्ता बोलाउनु पर्नेछ भने।

# मिरिकमा जुलूस जारी



**मिरिक, १३ सेप्टेम्बर।** पृथक राज्य गोर्खाल्याण्डको मागको दिशामा जारी अनिश्चितकालीन पहाड बन्द अनि जनआन्दोलन आज ९१ दिनमा पनि जारी रह्यो। राज्य प्राप्तिको निम्ति शुरू गरिएको जनआन्दोलनले आजसम्म पनि कुनै ठोस् निर्णय नपाउँदा बन्द जारी रहेको छ। जनताले राज्यको निम्ति केन्द्र सरकारले त्रिपक्षीय वार्ता शुरू नगरेसम्म जारी राख्ने बताएका छन्। आज पनि सँधै झैं मिरिकमा हजारौंको संख्यामा जनता सड़कमा आएर वी वाण्ट गोर्खाल्याणडको नारा लगाउँदै शहरमा विशाल जुलूस निकालियो। जुलूसले नगरपरिक्रमा गर्दै कृष्णनगरमा पुगेर पथसभामा परिणत भयो। पथसभामा मिरिक मोर्चा टाउन कमिटी सचिव विधान राईले सञ्चालन गरेका थिए। पथसभालाई नारी मोर्चा नेत्री हेमु गुरुङ, अनु राई, युवा नेता राजु सुब्बाले सम्बोधन गर्दै अबको यो जनआन्दोलन वारपारको हुने बताए। राज्यबाहेक कुनै पनि व्यवस्थाले राज्यको माग पूरा हुँदैन भन्दै जबसम्म राज्यको निम्ति केन्द्र सरकारले त्रिपक्षीय वार्ता बोलाउँदैन तबसम्म बन्द जारी रहनेछ भने। गोर्खाल्याण्ड माग संवैधानिक हो। जातीय अस्तित्व र चिन्हारीको निम्ति राज्य हुनु जरुरी रहेको बताए।

## मिरिकमा डम्पिङ ग्राउण्डको समस्या समाधान तर्फ

**मिरिक, १३ सेप्टेम्बर।** मिरिकमा रहेको डम्पिङ ग्राउण्डको समस्या अब पूरा हुने देखिएको छ। करिब दश करोडको लागतमा डम्पिङ ग्राउण्डको निर्माण कार्य छह महिनामा पूरा गरिने लक्ष्य राखिएको छ। आज मिरिक नगरपालिका अध्यक्ष एलबी राई उपाध्यक्ष एमके जिम्बा वार्ड पार्षदगण विभागीय कर्मचारी अभियन्ताहरूको उपस्थितिमा प्रस्तावित नयाँ बस्तीको तोकलाङ सिरानमा रहेको भूमिमा भूमिपूजा गर्दै त्यहाँसम्म पुग्ने सडकको मार्गको खनन् कार्य शुरु गरियो। मिरिकमा लामो समयदेखि डम्पिङ ग्राउण्डको समस्या छ। नगरबाट उठाइएको फोहोर मैला व्यवस्थापन गरिने कुनै ठाउँ छैन। अव्यवस्थित रूपमा आजसम्म सिस्ने गाउँको नजिक त्यसै खुल्ला ठाउँमा नै फ्याकिँदै थियो। अब आधुनिक ढाँचामा मल्टिस्टोरेज डम्पिङ ग्राउण्ड बनाइनेछ। आजदेखि बाटोको निर्माण कार्य शुरु भएको छ। डम्पिङको निम्ति डीपीआर पनि बनिसकेको छ। शीघ्र नै काम थालनी हुनेछ। यस विषयमा नपा अध्यक्ष एलबी राईले पत्रकारहरूलाई सम्बोधन गर्दै अब मिरिकवासीले लामो समयदेखि प्रतीक्षा गरिरहेको डम्पिङ ग्राउण्डको पनि निर्माण कार्य पूरा हुने बताए। छह महिनाभित्रमा यसको निर्माण हुनेछ भन्दै दश करोड रुपियाँको लागतमा उक्त डम्पिङको निर्माण हुनेछ भने। मिरिकमा रहेको अभाव र समस्या समाधानका लागि नगरपालिकाले कार्य गर्ने बताएका छन्। यसरी नै एसएई विभागीय निमासाङ तामाङले यस डम्पिङ ग्राउण्ड तीन एकरको जमीनमा निमार्ण हुनेछ भनिन्। जसको डीपीआर तयार भइसकेको छ।

# 'गुरूङले बैठकमा बोल्न सक्ने मान्छे पठाउनुपर्छ'

## यसपालि दशैं-तिहार मनाइनेछैन : प्रतिभा कुमाई

**कालेबुङ, १३ सेप्टेम्बर:** जनआन्दोलन पार्टी (जाप)-ले गोर्खाल्याण्ड आन्दोलनको भाका फेर्नुपर्ने विषय लिएर गत ५ दिन अघिबाट पथसभाको आयोजना गर्दै आईरहेको क्रममा आज जापले हिजो उत्तर कन्याको बैठकको सारंष जनतालाई खुल्ला रूपमा पस्किएर जनताको चित्त बुझाए।

गत १२ सेप्टेम्बर उत्तर कन्यामा सम्पन्न भएको नवान्न पछिको दोस्रो चरणको सर्वदलिय वैठकमा जाप अध्यक्ष डा. हर्क बहादुर छेत्री, चेली एकाई कि प्रमुख प्रतिभा कुमाई आदि सहभागी बनेको थियो। उत्तर कन्यामा सम्पन्न वार्ताको राजनैतिक समिक्षा जन आन्दोलन पार्टीले यहाँको मेन रोडमा मुख्य मन्त्रीसित बसिएको वार्ता जनतामाझ खुलस्त पाऱ्यो। पथसभालाई सम्बोधन गर्ने क्रममा जाप चेली एकाई प्रमुख प्रतिभा कुमाईले भनिन्, उत्तर कन्यामा भएको वार्ताबारेमा जनताको बुझ्ने अधिकार छ। ९० दिन बन्द पुगे प्रेसिडेन्ट रूल लाग्छ भनेको थियो मोर्चाले, जनता अब बुद्धु छैन, विमल गुरूङले भनेका थिए यो अनिश्चितकालीन बन्द मैले डाकेको तर अहिले विनय तामाङले डाकेको भन्दैछन्। साँड़ेको जुझाईमा बाछाको मिचाई भएको छ। जनता पिसिएका छन्, मोर्चा दुई ग्रुप भयो ए र बी। एउटै मात्र पार्टी छ जनताको त्यो हो जन आन्दोलन पार्टी। यसले मात्र गोर्खाल्याण्ड ल्याउँछ। जन आन्दोलन पार्टीका अध्यक्ष डा. हर्क बहादुर छेत्रीले गोर्खाल्याण्डको ढोका ढकढकाईरहेका छन्। मोर्चाले वान पोइन्ट एजेन्डामा मात्र कुरा गर्छौं भन्नेहरूले १७ वटा माग राखे, गोर्खाल्याण्डको ग सम्म पनि उच्चारण गरेनन्। वार्तामा जाप बाहेक कसैले गोर्खाल्याण्डको कुरा उत्थान गरेनन्। अमर लामा, अनमोल प्रसाद आदिले तृपक्ष कुरा उठाए, मुख्यमन्त्री ममता ब्यानर्जी सित। मोर्चाहरूले शहीदहरूको मोलको कुरा गरे नत गोर्खाल्याण्ड कुरा उठाए, नत त्रिपक्षीय वार्ताको कुरा गरे। श्रीमति कुमाईले विमल गुरूङलाई वार्तामा पठाउँदा मोर्चाबाट होस या त कुनै पनि पार्टीबाट पठाउनु होस् तर बोल्ने मान्छे, तर्क गर्न सक्ने, आँखामा आँखा मिलाएर आँट भएको बोल्न सक्ने मान्छे पठाउ, तपाईको मान्छे त्यहाँ पुग्दा लाटा बन्छन् भन्ने तिनले कटाक्ष कसिन्।

गोर्खाल्याण्डको त्रिपक्षीये कुरो जापले मात्र उठायो, जापले मात्र जन-आकांक्षा पूरा गर्ने, गोर्खाल्याण्डसम्म पुऱ्याउने दावी तिनले गरिन्। पहाड़का नेतृत्वहरूले आन्दोलनको ढोकाको साटो भित्ता ढक्ढकाएकोले जनताले दुःख पाइरहेको जापको आरोप रहेको बताइन्। नानीहरू पढ़ाइदेखि विमुख हुँदै गइरहेको, नानीहरू दिनभरि खेलेर दिन विताइरहेका छन् ममता व्यानर्जीले त्यो ३ महिना फर्काइदिनु पर्छ। यो पालि हामी फूलपाती, दशौं तिहार केही मनाउने छैनौं। हामी आर्थिक कमजोरीदेखि विभिन्न समस्याको चपेटमा परेर यो वर्षलाई मरौ परेको बताइन्। ११जना युवा दाजु भाई चेलीको हत्यामा शोक पालन गर्दै पहाड़मा कुनै खुशीयाली नमनाउने, पहाड़को एकता कायम राख्ने। गाउँ-गाउँ बस्ती भेगमा मानिसहरू भोकभोकै बसेका छन्, ११ जना शहीदसितै कतिजना घाइते भएका छन्, लगभग १५० भन्दा बड़ी पूलिसको पक्राउमा जेल खटिरहेका छन् हाम्रा सन्तानहरू र हामीले कसरी खुशीयाली मनाउने, कसरी चाड़ मान्नु उनले प्रश्न राखिन्।

उक्त पथसभालाई जाप व्यूरो मेम्बर, प्रदीप छेत्री, जाप युवा एकाई सचिव अमीर बस्नेत, कमल कटुवाल आदिले पनि पथसाभालाई सम्बोधन गरेका थिए। प्रदिप छेत्रीले सम्बोधन राख्दै हामीले झण्डा बक्सामा थन्क्याएर गोर्खाल्याण्ड आन्दोलनमा उत्रिनुको कारणहरू पनि जनतासमक्ष राखे भने अमिर बस्नेतले गोर्खाल्याण्डमाथि बोल्दै मोर्चाको भ्रस्टचारमाथि कड़ा नजर राख्दै नेतृत्वहरूले जवाब देउ भन्दै समाजलाई सही दिशानिर्देश गर्ने नेतृत्व चाहिन्छ भने। सत्य मान्छे जंगलमा बस्नु पर्दैन, महात्मा गान्धीले जंगल नबसी आन्दोलनलाई फत्ते तुल्याएका थिए भने विमल गुरूङले पनि जनतासित बसेर आन्दोलन लड़े।

SPECIALIST DOCTORS
NOW AT JORETHANG

**Dr Tshering Dorjee Sherpa MS(ENT)**
SENIOR CONSULTANT ENT SURGEON from
NEOTIA GETWEL HEALTHCARE CENTRE, SILIGURI

**Dr Bhushan Sharma MS (ORTHO)**
SENIOR CONSULTANT ORTHOPEDIC SURGEON from
NIVEDITA HOSPITAL, SILIGURI

**Dr Dipendra Gurung, MD (DERMATOLOGY)**
SENIOR CONSULTANT SKIN SPECIALIST from
SUNRISE NURSING HOME, SILIGURI

AVAILABLE EVERY SUNDAY 10 AM TO 2 PM
AT
SUVARNA MEDICALS
Fountain Corner, 1st Lane Jorethang, South Sikkim
Book Appointment: 8906005000,9733257788

# कर्मापा चाँड़ै सिक्किम आउने आशामा जेएसी

**गान्तोक, १३ सेप्टेम्बर:** १७औं कर्मापा उग्येन थिन्ले दोर्जीलाई सिक्किम ल्याउने दिशामा काम गर्न गठन गरिएको विभिन्न बौद्ध धार्मिक, सांस्कृतिक एंव सामाजिक संघ संस्थाका छाता सङ्गठन जोइन्ट एक्शन कमिटी (जेएसी) कर्मापा चाँड़ै सिक्किम आउने आशा व्यक्त गरेका छन्। यसै सम्बन्धमा आज यहाँको काजी रोडस्थित दसाङ कोठीमा जेएसीको एउटा सभा बसेको थियो। सभामा भारत सरकारले कर्मापा उग्येन थिन्लेलाई सिक्किम आउने अनुमति दिने पहल गर्दै संसदको कमिटी अन सेक्यूरिटीमा मुद्दा उठाएको विषयमाथि चर्चा गरियो।

सभालाई सम्बोधन गर्दै वक्ताहरूले कर्मापा मुद्दालाई लिएर भारत सरकारको ताजा पहलप्रति आभार प्रकट गरे। भारत सरकारको यस पहलले कर्मापा चाँड़ै सिक्किम आउने सम्भावना प्रवल बनेको उनीहरूले बताए। जेएसी-का सदस्यहरूले यसको निम्ति राज्यका मुख्यमन्त्री पवन चामलिङप्रति पनि आभार कृतज्ञता व्यक्त गरेका छन्। मुख्यमन्त्रीले कर्मापा मुद्दालाई अघि बड़ाउन सङ्गठनलाई धेरै सहयोग गरेको सङ्गठनले विज्ञप्ति जारी गरेर बताएको छ। यसको साथै मुख्यमन्त्री चामलिङले राज्य सरकार मार्फत कर्मापा उगेन थिन्ले दोर्जीलाई सिक्किम ल्याउने मुद्दामा बारम्बर भारत सरकारसमक्ष कुरा राख्दै आएको पनि विज्ञप्तिमा थप उल्लेख गरिएको छ। यसको साथै जेएसीको आजको सभाले कर्मापालाई सिक्किम ल्याउने मुद्दामा सबै संघ संस्था तथा लामा सङ्गठनहरू एक भएर काम गर्नुपर्ने कुरामा सहमति जनाएको छ। उल्लेख्य, १९९३मा गठन गरिएको जोइन्ट एक्शन कमिटीले पछिल्लो २४ वर्षमा १७औं कर्मापा उग्येन थिन्ले दोर्जीलाई सिक्किम ल्याउने दिशामा निरन्तर पहल गर्दै आएको छ।